बैठक नं.११

आज मिति २०८३/०१/०२ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाह्रा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | [signature] |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | [signature] |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

यमुना ओझा - का.वा. वडाध्यक्ष - ५

युवराज राना - का.वा. वडाध्यक्ष - ११

लाल बहादुर गुरुङ - का.वा. वडाध्यक्ष - १२

प्रस्ताव नं. ११.१
मिति २०८२/१२/२० मा बसेको नगरकार्यपालिकाको दशौं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. ११.१

- बुटवल उपमहानगरपालिका अन्तर्गत वडा नं. १ स्थित शिखर देउराली टोल, वडा नं. २ को पाखापानी, वडा नं. ३ को ज्योतीनगर, मिलनपथ र वडा नं. ४ स्थित लक्ष्मीनगरमा सम्बन्धित सामुदायिक वन तथा टोल विकास संस्थाहरुसंग समन्वय गरी अल्पकालिन तथा दीर्घकालिन रुपमा पहिरो व्यवस्थापन कार्य गर्नका लागि स्वीकृति प्रदान गर्ने गरी निर्णय लिईएको ।
- आ.ब. ०८२।०८३ को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन जानकारीमा लिई प्राप्त सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने गरी निर्णय लिइएको ।
- नगरकार्यपालिकाको कार्यालयको अधिकृतस्तर आठौं तहमा (लेखा) कार्यरत शंकर ढकालले कार्यरत पदबाट दिएको राजीनामा निजको माग बमोजिम नै मिति २०८२।१२।१७ गते देखि लागु हुने गरि स्वीकृत गरिएको ।
- शीर्षकान्तर गर्ने गरी भएको निर्णय स्वीकृत गरिएको ।
- मिति २०८२।१२।१९ मा बसेको नगर शिक्षा समितिबाट भएका निर्णयहरु अनुमोदन गरिएको ।
- प्यानदर्ता सम्बन्धी आवश्यक प्रकियाहरु अगाडि बढाउन स्वीकृति प्रदान गर्ने गरी निर्णय गरिएको।
- बुटवल उपमहानगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२।०८।१६ र मिति २०८२।११।०४ मा बसेको बैठकबाट भएका निर्णयहरु अनुमोदन गरिएको ।
- मिति २०८२।१२।१७ गतेको दिन जिल्ला समन्वय समिति रुपन्देहीका समन्वय प्रमुख समेतको विशेष उपस्थितिमा बुटवल उपमहानगरपालिका र तिलोत्तमा नगरपालिका बीच तिनाउँ नदीको सिमानाको नदीजन्य पदार्थको सम्बन्धमा भएको सहमति अनुमोदन गरिएको ।
- बुटवल-१ स्थित शिव र हनुमान मन्दिरको जग्गा खिचोला सम्बन्धमा राय सुझाव दिनका लागि गठित कार्यदलबाट प्राप्त प्रतिवेदन जानकारीमा लिई सो विषयमा थप छलफल र प्रक्रिया अवलम्बन गरी पेश गर्न कार्यालयलाई जिम्मेवारी दिने गरी निर्णय लिइएको ।

- बुटवल-४ निवासी खुश्बु श्रेष्ठको जन्मदर्ता रद्द गर्नका लागि प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- वडाबाट प्राप्त, नगरका र विभिन्न शाखाहरुबाट प्राप्त आयोजनाहरु स्वीकृतिका लागि लुम्बिनी प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी पठाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका अर्न्तगत वडा नं. १७ मा वडा प्रहरी कार्यालय स्थापनाका लागि सङ्घीय सरकारका सरोकारवाला निकायहरुमा अनुरोध गर्ने गरी निर्णय लिइएको ।
- नेपाल सरकारको शासकीय सुधार सम्बन्धी सय कार्यसूचीको बुदा नं. ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि एक पालिका, एक चिस्यान केन्द्र निर्माण कार्यका लागि कृषि तथा पशुपंन्क्षी विकास मन्त्रालयमा कार्यक्रम माग गर्ने गरी निर्णय लिइएको ।
- नेपाल सरकारको शासकीय सुधार कार्यसूचीको बुदा नं. १० (ख) को कार्यान्वयनको सन्दर्भमा बुटवल उपमहानगरपालिका अन्तर्गतका उपमहानगरकै सञ्चालन तथा व्यवस्थापनमा वडा नं. ५ मा रहेको हाटबजारमा शौचालय निर्माण तथा मर्मतका लागि रु. ६ करोड र वडा नं. ७ स्थित दीपनगरमा रहेको हाटबजारमा शौचालय निर्माण तथा मर्मतका लागि रु. ४ करोड बजेट कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयमा माग गर्ने गरी निर्णय लिइएको ।
- मगर दिवसको अवसरमा मिति २०८२।११।१५ गते १ दिन स्थानीय विदा दिने गरी भएको निर्णय अनुमोदन गरिएको ।
- वडा नं. १२ र १३ का बासिन्दाहरुलाई सुरक्षा दिने उद्देश्यले घर बहालमा लिई स्थापना भएको नयाँगाँउ प्रहरी चौकीको बहाल रकम भुक्तानीका लागि आवश्यक बजेट व्यवस्था गर्ने गरी निर्णय लिइएको ।
- मिति २०५६।०८।१९ मा ना.सु. पदमा नियुक्ति भई मिति २०७५।०९।११ देखि निलम्बनमा रहेका अधिकृतस्तर छैटौं तहका भरत काउचाको सम्मानित सर्वोच्च अदालतबाट फैसला आदेश समेत भएको हुँदा निलम्बन फुकुवा गरी सुविधा उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने गरी निर्णय लिइएको ।

- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत सातौं र आठौं तहका कर्मचारीहरुलाई सेवाकालीन तालिम दिने गरी भएको ,नगरप्रमुखस्तरीय र प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णय स्वीकृत एवं अनुमोदन गरिएको ।
- बुटवल-९ स्थित लुम्बिनी बस टर्मिनल हाता भित्र रहेका रुख-बुट्यान कटान गर्नका लागि सम्बन्धित निकायबाट स्वीकृति लिनका लागि निर्णय लिइएको ।
- भवन निर्माण सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गरिएको ।
- यहि मिति २०८३ वैशाख ७ गतेका दिनमा बुटवल उपमहानगरपालिकाले विगत देखि नै मनाउदै आएको जितगढी विजय उत्सव दिवसलाई भव्य र सभ्य रुपमा मनाउनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ६ सदस्यीय कार्यदल गठन गरिएको ।
- नियोन हस्पिटल प्रा.लि. बुटवल-६ लाई २५ शैयाको हस्पिटल स्थापनाका लागि लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङ्गमा सिफारिस गर्ने गरी निर्णय लिइएको।
- नगरकार्यपालिकाको कार्यालयमा कामकाजमा खटिई आएका अस्पताल नर्सिङ्ग निरीक्षक स्वास्थ्य समुह, नर्सिङ्ग उपसमुह अधिकृतस्तर छैटौं तह क.सं.नं. २२२११० का रन्जु क्षेत्रीको मिति २०८३।०१।१० गते देखि २०८५।०१।१० गते सम्म दुई वर्षको अध्ययन (बेतलवी) विदा स्वीकृतिका लागि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका दाङ्गमा सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिकाका वडा नं. १२ साविक सेमलार न.नं. २ ङ कि.नं. १७८२ र १७९२ को जग्गा नेपाल सरकारको नाममा दर्ता श्रेष्ता कायम हुनका लागि मालपोत कार्यालय बुटवलमा लेखि पठाउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ११.२**
प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ११.२

बुटवल उपमहानगरपालिका क्षेत्रभित्र पर्ने तिनाउँ नदी किनार तथा दानब नदी क्षेत्रमा सञ्चालन गरिने नदी नियन्त्रण, नदीको बगरमा जम्मा भएको ढुङ्गा गिट्टी बालुवा निकाल्नको लागि परिमाण यकिन गर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE)आयोजनाहरूका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन पेश भई अध्ययन तथा समीक्षा गरियो । प्रस्तुत IEE प्रतिवेदनमा आयोजनाबाट वातावरणमा पर्ने सम्भावित प्रभावहरू तथा तिनको न्यूनीकरणका उपायहरू समावेश गरिएको पाइएकाले प्रचलित वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को अधीनमा रही देहायका शर्तहरूको पालना गर्ने गरी श्री चन्दननाथ कन्सल्टेन्सी, जुम्लाबाट प्राप्त तिनाउँको वडा नं. ११ र १७ (बुद्धनगर पुल देखि मगरघाट पुल) र दानव नदीको वडा नं. १२, १३,१४ र १५ को IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

शर्तहरू:

१. IEE प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना (EMP) पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेछ।

२. निर्माण कार्यका क्रममा धुलो, ध्वनि, फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रण सम्बन्धी मापदण्डहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

३. नदीको प्राकृतिक बहावमा अवरोध नपर्नेगरी मात्र संरचना निर्माण गर्नुपर्नेछ।

४. वनस्पति तथा जैविक विविधता संरक्षणका लागि आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ।

५. सम्भावित बाढी, कटान तथा पहिरो जोखिम न्यूनीकरणका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ।

६. सम्बन्धित निकायबाट समय-समयमा हुने अनुगमन तथा मूल्याङ्कनका क्रममा दिइने निर्देशनहरू पालना गर्नुपर्नेछ।

७. आयोजनाको कार्यान्वयनको क्रममा थप वातावरणीय असर देखिएमा आवश्यक सुधारात्मक उपायहरू तत्काल अवलम्बन गर्नुपर्नेछ।

प्रस्ताव नं. ११.३
बा आमासंग नगर प्रमुख स्वास्थ्य जाँच उपचार सम्बन्धी कार्यविधि, २०८१ (दोस्रो संशोधन) माथि संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११.३

बुटवल उपमहानगरपालिकाको बा आमासंग नगर प्रमुख स्वास्थ्य जाँच सम्बन्धी कार्यविधि, २०८१ मा कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भएको हुँदा उक्त कार्यविधिमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

बुटवल उपमहानगरपालिकाको बा आमासंग नगर प्रमुख स्वास्थ्य जाँच सम्बन्धी कार्यविधि ,२०८१ ( दोस्रो संसोधन), २०८३

| ऐनको परिच्छेद, दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा २. मा (ङ) थप गरिएको | | (ङ) शिबिर भन्नाले वडा तहमा ६० बर्ष उमेर पुरा गरेका नागरिकहरुलाई प्रदान गरिने आवधिक स्वास्थ्य सेवा कार्यक्रमलाई बुझिनेछ| | |
| दफा ४ मा उपदफा (३)पश्चात ३.(क)थप गरिएको । | | ३.(क) बा आमासंग नगरप्रमुख स्वास्थ्य परीक्षण कार्यक्रमसंग सम्बन्धित रहेर नगरपालिकाको आयोजनामा वडातहमा ६० बर्ष माथिका जेस्ठ नागरिकको स्वास्थ्य परीक्षणमा नगरपालिका क्षेत्रमा रहेका अस्पताल एवं स्वास्थ्य प्रदायक कार्यालयसंग आवस्यक समन्वय/ सहकार्य गरी प्रयोगशाला सम्बन्धी परीक्षणहरु गर्न सकिने छ| | |

| | | | |
|---|---|---|---|
| दफा ८ मा उपदफा (१)पश्चात (२) थप गरिएको। | | (२) शिविरमा चिकित्सक र स्वास्थ्यकर्मीको व्यवस्थापनका लागि सरकारी/सामुदायिक एवं निजी संघ संस्था लगायत अस्पतालहरुसंग नगरपालिकाले आवस्यक सहकार्य गरी ब्यबस्थापन गर्न सक्नेछ । | |
| | | | |
| अनुसूची -३ | अनुसूची -३ (दफा ९ संग सम्बन्धित) वडा स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरेको विवरणको नमूना फारम स्वास्थ्य संस्थाको नाम: वडा नं. | ७० बर्ष उमेर पुगेका जेष्ठ नागरिकहरु र क वर्गका अपाङ्गता भएका नागरिकको घर/घर मा पुगेर स्वास्थ्य सेवा पुरयाईएको प्रगति प्रतिवेदन फारम:-स्वास्थ्य संस्था को नाम: वडा नं. | |

| क्र.स. | जेष्ठ नागरिकको नाम | उमेर महिला | पुरुस | सेवा दिएको मिति | सेवा प्रदायकको नाम पद | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

तयार गर्ने
दस्तखत, नाम, पद, मिति

प्रमाणित गर्ने
दस्तखत, नाम, पद, मिति

**प्रस्ताव नं. ११.४**

तिलोत्तमा हस्पिटल प्रा.लि. बुटवल-६ स्थापनाका लागि सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं. ११.४**

तिलोत्तमा हस्पिटल प्रा.लि. बुटवल-६ को मिति २०८२।११।१० मा प्राप्त निवेदनबाट २५ शैयाको जनरल अस्पताल स्थापनाका लागि सिफारिस माग गरेको हुँदा प्रचलित कानूनको अधीनमा रही आवश्यक मापदण्ड पुरा गरेर मात्र प्रकिया अगाडि बढाउन स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेश राप्ती उपत्यका (देउखुरी) मा सिफारिस गरी पठाउने गरी निर्णय गरियो ।

**प्रस्ताव नं. ११.५**

जितगढी विजय उत्सव कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ११.५**

यहि मिति २०८३।०१।०७ गते का दिन विगत वर्षहरुमा जस्तै जितगढी विजय उत्सव दिवस देहायका कार्यकमहरु सहित सम्पन्न गर्ने निर्णय गरियो ।

१. प्रमुख अतिथि :- माननीय मुख्यमन्त्री चेतनारायण आचार्य, लुम्बिनी प्रदेश

२. मञ्च एवम् मायाको चिनो व्यवस्थापन समिति

- ठगिश्वर पोखरेल, अधिकृतस्तर सातौं तह :- संयोजक
- रुकमागत बस्याल, अधिकृतस्तर आठौं तह (प्रा) :- सदस्य
- टंकनाथ आचार्य, अधिकृतस्तर छैटौं :- सदस्य

३. झाकी मुल्याङ्कन समिति

- डिल्ली नारायण पाण्डे :- संयोजक
- खिमानन्द भट्टराई :- सदस्य
- अस्मिना पाण्डे :- सदस्य

४. सामान्य कार्यपत्र प्रस्तुत

- इतिहासविद श्री निर्मल श्रेष्ठ

५. झाकी र्‍यालीमा सहभागिता वापत् पुरस्कार

- झाकी :- प्रथम रु. २५,०००। द्धितीय हुनेलाई रु. २०,०००। तृतीय हुनेलाई रु.१५,०००। र सान्त्वना हुने लाई रु.१०,०००।
- पञ्चेबाजाको लागि रु. १५,०००।
- मयुर नाचको लागि रु. १५,०००।
- नृत्य प्रतियोगितामा प्रथम विद्यालयको साँस्कृतिक कार्यकम प्रस्तुत गरे वापत् सामुदायिकलाई रु.१५,०००। र संस्थागतलाई रु. १५,०००। उपलब्ध गराउने ।

६. एतिहासिक, परातात्विक एवम सास्कृतिक महत्वको फोटो प्रर्दशनी - जितगढी उत्सव शीर्षकबाट (वरिष्ठ फोटोग्राफर किरणमान चित्रकार र हरिष ढकाल )

७. जितगढी स्थलमा सोही दिन साँझ ६:३० बजे सांस्कृतिक कार्यक्रम : लुम्बिनी उत्सव शीर्षकबाट ( एडभेन्ट नेपाल प्रा.लि.)

**प्रस्ताव नं. ११.६**
विविध ।

**प्रस्ताव नं. ११.६.१**

योजना सम्झौता गर्ने अवधि थप सम्बन्धमा ।

**निर्णय नं. ११.६.१**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८२/०८३ वार्षिक बजेट, नीति तथा कार्यक्रम विनियोजन ऐन, २०८२ बाट पारित भएका योजना तथा कार्यक्रम र नगरसभाको १८ औं अधिवेशनबाट थप भएका योजना तथा कार्यक्रमहरुमध्ये उपभोक्ता समितिबाट संचालन हुने योजनाको संझौताको क्रममा २०८२ फागुन २१ गते भएको आम निर्वाचनको आचारसंहिताका कारण योजना निर्माण एवं कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गरी संम्झौता गर्ने कार्य रोकिएको हुँदा पहिले तय भएको योजना सम्झौताको अवधि २०८२ चैत्र मसान्तमा सम्पन्न गर्न बाधा परेको साथै हाल सवै वडा कार्यालयहरुमा योजना सम्झौताको चाप वढिरहेको हुँदा योजना सम्झौता गर्ने अवधि २०८३ बैशाख मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११.६.२**

योजना कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ११.६.२**

बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम विनियोजन ऐन, २०८२ बाट पारित भएका योजना तथा कार्यक्रम र नगरसभाको १८ औं अधिवेशनबाट थप भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने भएको । सार्वजनिक प्रकृतिका (स्वामित्व परिवर्तन नहुने प्रकृतिका) भवन संरचनाहरुको आवश्यक मर्मत सम्भार एवं अधुरा भवनको पुननिर्माण नगर्ने हो भने हालसम्म भएको लगानी खेर जाने अवस्था एवं स्थानीय समुदायको सामाजिक, सांस्कृतिक एवं धार्मिक कार्यमा समेत बाधा परेको भनी जनगुनासा बढी आउने गरेको हुँदा उल्लेखित सार्वजनिक प्रकृतिका भवन संरचनाको मर्मत तथा पुननिर्माण (नयां संरचना निर्माण बाहेक) को कार्य प्रकिया विधि सम्मत तरिकाले अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११.६.३**

कर्मचारीहरुको पदनाम सम्बन्धमा ।

**निर्णय नं. ११.६.३**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका विभिन्न तहहरुमा कार्यरत कर्मचारीहरुको पदनाम नहुदा पत्राचार लगायतका विषयहरुमा सहजता नभएको हुँदा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४ र नियम ५ को उपनियम (१) बमोजिम सम्बन्धित पदनामहरु दिई कार्यान्वयन प्रकिया अगाडि बढाउने गरी कार्यालयबाट भएको निर्णय स्वीकृत एवं अनुमोदन गरियो ।

**प्रस्ताव नं. ११.६.४**

कार्यक्रम तयारी सम्बन्धमा ।

**निर्णय नं. ११.६.४**

बुटवल उपमहानगरपालिकाको चालु आ.ब. २०८२।०८३ का लागि स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम (विनियोजन ऐन २०८२) को बजेट परिधि भित्र रही देहायका कार्यक्रमहरु सञ्चालन गर्नका लागि कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

१. मिति २०८३।०१।११, १२ र १३ गतेका दिनमा उपमहानगरपालिका परिसरमा विद्यालयस्तरीय साँस्कृतिक कार्यक्रम गर्ने ।

२. यहि मिति २०८३।०१।२२, २३ र २४ गतेका दिन विद्यालयस्तरीय फुटवल प्रतियोगिता संचालन गर्ने।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।